नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२०५ दायर मितिः-२०८१/०८/२८**

**फैसला मितिः-२०८१/०८/२८**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **प्रहरी प्रतिवेदनले** | **जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.३ वस्ने समिर अंसारीको छोरा बर्ष २७ को तनविर अंसारी.........१** |
| **नेपाल सरकार..........................१** | |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का

३. मैले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अमर प्रसाद वर्णवाल समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०८।२१ गते अ.२१:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.३ स्थित नारायणी अस्पतालमा तनविर अंसारी समेतलाई हो हल्ला गरिरहेको अवस्थामा फेला पारी सम्झाई बुझाई गर्दा निज तनवीर अन्सारीले झन उत्तेजित भई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र ब्यवहार गरेको हुँदा निजलाई पक्राउ गरी आवश्यक कारवाहीको लागी दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी तनविर अंसारी समेतलाई हो हल्ला गरिरहेको अवस्थामा फेला पारी सम्झाई बुझाई गर्दा निजले प्रहरीलाई गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र ब्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी तनविर अंसारीलाई कैद दिन ७ र जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी तनविर अंसारीलाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०८/२१ देखि २०८१/०८/२७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जरिवाना रकम रु.५०००/- असुल उपर गर्नु ----------------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्वत् २०८१ मंसिर महिना २८ गते शुक्रवार रोज ६/ ने.सं. ११४५ थिंलाथ्व त्रयोदशी, शुभम् .......